# Tamang Society of America Inc.

# तामाङ समाज अमेरिका

*Non-Profit Organization 501(C)3.ID No.41-2036058. Registered since 2002.*

मिति: ४ अप्रिल २०२५

**धन्यवाद ज्ञापन**

यहाँहरू सम्पूर्णमा ल्हास्सो फ्याफुल्ला !

तामाङ सोसाइटी अफ अमेरिकाको नयाँ निर्वाचित कार्यकारी समितिको तर्फबाट, संस्थाको २३ औं जन्मजयन्तिको अवसरमा गरिएको सेम्-ल्हेंग (हाम्रो पहिलो कार्यक्रम) लाई अत्यन्त भव्य र सभ्यताका साथ सफल बनाउनुभएकोमा हामी तपाईंहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं। यो विशेष अवसरमा तपाईंहरूको उपस्थितिले कार्यक्रमलाई विशेष र सफल बनाएको छ।

कार्यक्रमका प्रमुख अतिथि श्रद्देय डुङजिन लोपेन रिम्पोछे धावा साङ्बो, विशेष अतिथि बी.आर. लामा, मोहन वाइवा, लक्यान लामा, निबर्तमान अध्यक्ष बुद्धिमान तामाङ, पूर्व अध्यक्षहरू, पूर्व सल्लाहकारहरू, लगायत सम्पूर्ण अतिथिज्यूहरूलाई र कार्यक्रमको सफलतामा योगदान पुर्याउने सबैलाई विशेष धन्यवाद दिन चाहन्छौं। तपाईंहरूको समर्थन र प्रोत्साहनले हामीलाई यो नयाँ यात्रा आरम्भ गर्न प्रेरित गरेको छ।

कार्यक्रम व्यवस्थापनमा खटिनु भएका सम्पूर्ण कार्यसमितिका सदस्यज्यूहरु, मामा भान्जा ग्रुपका साथीहरु, म्हेन्दो माया परिवारका साथीहरु, खानाको व्यवस्थापन गर्नुभएको आमा समूह, सहभागीहरूका लागि खाना र नगद दिएर सहयोग पुर्याउनु हुने सम्पूर्ण शुभचिन्तक ज्यूहरूलाई पनि विशेष धन्यवाद, जसको मेहनत र समर्पणले यो कार्यक्रमलाई व्यवस्थित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। तपाईंहरूको समुदायप्रतिको प्रतिबद्धता अमूल्य छ, र हामी तपाईंहरूको योगदानको कदर गर्दछौं।

साथै कार्यक्रम को शुरूवात मा मन्त्र पाठ गर्नुहुने गुरु डुङजिन रिम्पोछे धावा साङ्बो ज्यू, साङ्सेरगेम विधि सम्पन्न गर्नुहुने ताम्बा लालमान तामाङ ज्यू र ताम्बा राम तामाङ ज्यू लाई बिशेस धन्यवाद दिन चाहन्छौं।

कार्यक्रममा सजुन थोकर ज्यूबाट $५००० ट्रस्टी सदस्यको लागि गरिएको प्रतिबद्धताका लागि विशेष आभार व्यक्त गर्दछौं। त्यस्तैगरी, सुमित्रा योन्जन ज्यूबाट पनि $५००० ट्रस्टी सदस्यको लागि प्रतिबद्धता जनाइएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं। राधिका तामाङज्यूद्वारा तामाङ सोसाइटी अफ अमेरिकाको TCBC लाई थप $१०००, डुङजिन रिम्पोछे धावा साङ्बो गुरुज्यूबाट थप $१०००, लिलामाया तामाङज्यूबाट थप $१०१ नगद सहयोग प्राप्त भएकोमा हामी विशेष आभार व्यक्त गर्दछौं। यसले समाजमा थप सकारात्मक ऊर्जा भरेको छ।

हामी हाम्रा सदस्य र सम्पूर्ण सहयोगी दाताहरूको उदार योगदानको खुल्ला हृदयले प्रशंसा गर्न चाहन्छौं, जसले हामीलाई सधैका लागि सम्झनायोग्य अनुभव सिर्जना गरिदिनुभएको छ। तपाईंहरूको समर्थनले तामाङ समुदायको हाम्रो मिशन र दृष्टिलाई बलियो बनाएकोछ।

हामी भविष्यमा पनि तपाईंहरूको निरन्तर समर्थन र सहकार्यको अपेक्षा गर्दछौं। हामी सबै सधैं हातेमालो गर्दै सामूहिक हितमा अद्भुत सफलता हासिल गर्न र तामाङ समुदायलाई एकीकृत र जीवन्त बनाउन सक्नेछौं।

यस अद्भुत कार्यक्रममा सहभागी हुनुभएकोमा पुनः धन्यवाद। हामी भविष्यमा गरिने महत्वपूर्ण कार्यक्रमहरूको बारेमा उत्साहित छौं र यो यात्रामा तंपाईहरुको साथ् पाउँदा हामी अत्यन्त आभारी छौं।

थुजेछे !

तुल बहादुर तामाङ
अध्यक्ष
तामाङ सोसाइटी अफ अमेरिका


***President***
*Tul B. Tamang*

***Senior Vice President***
*Santa B. Tamang*

***Vice President***
*Dhutraj Dumjan*

***Woman Vice President***
*Uma Tamang*

***General Secretary***
*Chandani Lama*

***Secretary***
*Raju Lama*

***Woman Secretary***
*Lhamu Dolma Lama (Soniya)*

***Treasurer***
*Bishnu Tamang*

***Joint Treasurer***
*Niru Tara Yonjan*

***Board of Directors***
*Nandu Tamang*
*Rajan Tamang*



48-05 46th St Woodside, New York 11377
tamangsocietyofamerica2002@gmail.com
www.tamangsocietyofamerica.org